नाम्खा गाउँपालिका

ༀ༑ ནམ་མཁའ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་༑

गाउँ कार्यपालिकाको कार्यालय

याल्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल।

प.स.:२०८१।०८२ मिति २०८१।०८।२६

च.न:

## रैथाने बाली प्रबर्द्धन सम्बन्धी कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वान सम्बन्धी सुचना।

प्रथम पटक सुचना प्रकाशन मिति: २०८१।०८।२६

प्रस्तुत विषयमा यस गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१।८२ को बार्षिक स्वीकृत संघीय सर्शत कृषि विकास कार्यक्रम अन्तर्गत **रैथाने बाली प्रबर्द्धन कार्यक्रम ( बाली विकास कार्यक्रम)** कृषक, निजि कृषि फर्म,कृषक समुह,सहकारी, उद्यमी मार्फत **"प्रदेश,स्थानीय तहमा सर्शत बित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८१"** बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक कृषक, निजि फर्म, कृषक समुह, कृषि सहकारी र उद्यमीले प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका कार्यक्रम मार्फत उल्लेखित शर्तहरुको अधिनमा रहि रित पुर्वक आवश्यक कागजात सहित गाउँपालिकाको कृषि विकास शाखामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

तपशिल :

| क्र.स | संचालन गर्नुपर्ने क्रियाकलापहरु | सम्भावित प्रस्तावहरु एवंम मापदण्डहरु | कैफियत |
|---|---|---|---|
| १. | क्षेत्र बिस्तार प्रोत्सहान अनुदान | रैथाने बाली ( चिनो, कागुनो, फापर, उवा) खेति गर्ने कृषकलाई प्रति रोपनी बढिमा रु. ९०० का दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने। | |
| २. | मेशिनरी तथा उपकरणमा सहयोग | सामुहिक वा निजि रैथाने बाली प्रशोधन केन्द्र स्थापनाको लागी, चुट्ने मेसिन( Dehulling/dehusking),कुट्ने तथा पिस्ने मिल, भण्डारण ब्याग लाभग्राहीको सम्झौता वा मागको आधारमा ५० % अनुदानमा वितरण गर्न सकिने। | |
| ३ | रैथाने बाली एवंम जातको बिउ उत्पादन | ५० % अनुदानमा रैथाने बाली ( चिनो, कागुनो, फापर, उवा र कोदो ) बिउ उपलब्ध गराउन सकिने। | |
| ४ | रैथाने बालीको परिकार प्रबर्द्धन | होमस्टे मार्फत रैथाने कृषि उपज तथा परिकार तयारी र बिक्री बितरण गर्नको लागी आवश्यक सामाग्री एबंम प्रशोधित उपकरण खरिदको लागी ५० % अनुदान उपलब्ध गराउन सकिने। | |

आवश्यक कागजातहरु

१. अनुसुचि -२ बमोजिमको निवेदनको ढाँचा ।

२.संस्था दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपि ।

३.गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४.कृषक समुह, सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि।

५.कार्यक्रम माग गर्ने कृषकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, जग्गाको हकभोग खुल्ने कागजात तथा जग्गा भाडामा लिई खेति गर्नेको हकमा करार सम्झौताको पत्रको प्रतिलिपि ।

६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

.............................

नन्दकृष्ण उपाध्याय

प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ:

श्री सुचना प्रविधि शाखा: फेसवुक तथा वेबसाईटमा अपलोड गरिदिन हुन।

श्री सबै वडा कार्यालयहरु सुचना टाँस गरिदिन हुन।



CamScanner

अनुसूची -२
परिच्छेद -२ को दफा ७ ( २) संग सम्बन्धित

मिति :

श्री ............................ ज्यु ।
नाम्खा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय याल्वाङ, हुम्ला

विषय: अनुदान उपलब्ध गराईदिने सम्बन्धमा।

महोदय

तहाँको कार्यालयको मिति ................................. मा प्रकाशित सुचना अनुसार संचालन हुन लागेको ........................................... कार्यक्रमको उद्देश्य, लागत , समयावधि, लाभावन्वित जनसंख्या लगायतका विवरण मा तपसिल उल्लेख गरिएको छ। कार्यक्रम संचालन गर्न आर्थिक/वस्तुगत/ लागत साझेदारी सहयोग आवश्यक परेको हुदा अनुदान उपलब्ध गराईदिन हुन अनुरोध गर्दछु/ गर्दछौ।

तपसिल :
अनुदानग्राहीको नाम:
ठेगाना:
वडा नं:
कार्यक्रमको नाम:
कार्यक्रमको उद्देश्य :
अनुदान आवश्यक पर्नुको कारण :
कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :
कार्यक्रम बाट लाभान्वित जनसंख्या :

निवेदक
उद्यमीह कृषक, कृषि फर्म ,कृषक समुह,कृषि सहकारी
अध्यक्ष /प्रतिनिधिको दस्तखत:
नामथर:
पद :
सम्पर्क नं :
मिति:
संस्थाको छाप :

CamScanner